annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३१७, पृष्ठ ८ | काठमाडौं, बुधबार ४ चैत २०८२ | चैत्र कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४६ | WEDNESDAY, MARCH 18, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ

## सडक डिभिजन चन्द्रनिगाहपुर

रौतहट

# ठेक्का अन्त्य गरिएको तथा फरफारक सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८२/१२/०४

**निर्माण व्यवसायीको नाम: श्री माँ बौधि कन्स्ट्रक्सन, कटहरिया-२, रौतहट।**

यस डिभिजन अन्तर्गत संचालित ठेक्का नं. RDCNP/33701136-079/80-45, Road Improvement Works along MRM of Banke Dhansar Section, Sarlahi & Rautahat सडक मर्मत सम्भार कार्यको लागि पटक पटक म्याद थप भई तोकिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्माण व्यवसायीबाट चासो नदेखाई निर्माण कार्य अधुरो तथा अलपत्र पारी बिगत लामो समय देखि कार्यस्थलमा निर्माण व्यवसायी भौतिक रुपमा उपस्थित विहिन रहेको साथै यस कार्यालयबाट विभिन्न मितिमा लिखित तथा मौखिक रुपमा निर्माण कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउदा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै तदारुकता नदेखाएकोले मिति २०८२/०८/०३ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा निर्माण व्यवसायी श्री माँ बौधि कन्स्ट्रक्सन, कटहरिया-२, रौतहटलाई ठेक्का किन नतोड्ने सम्बन्धी १५(पन्ध्र) दिने सूचना प्रकाशन गरिए अनुसार निर्धारित अवधिमा पेश गरेको स्पष्टिकरण र Updated Work Schedule अनुसार निर्माण कार्य सुचारु नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौता शर्त GCC Clause 11.1 (a), (b) र (c) तथा 11.3 (b) र (g) निर्माण व्यवसायीबाट उल्लंघन भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौता शर्तको GCC Clause 11.2 बमोजिम ठेक्का सम्झौता अन्त्य गरिएको छ। यस पश्चात् सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) को प्रावधान बमोजिम कार्य सम्पादन जमानत वापतको रकम जफत गरिने, बाँकी कार्य पुरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गरिने तथा सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२८ (२) बमोजिमको उपचार प्राप्त गरिने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को प्रावधान बमोजिम कालो सूचीमा राख्न सिफारिस गरिनेछ।हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नापजाँच तथा मूल्याङ्कन गरी वित्तिय फरफारक गर्न यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा उपस्थित हुन समेत अनुरोध गरिन्छ।निर्माण व्यवसायी वा निजको प्रतिनिधि उपस्थित नभएमा कार्यालयबाट नाप जाँच गरिनेछ।

**डिभिजन प्रमुख**